




# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ५३ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष २६ अंक २ | कार्तिक – पुस २०७५ | Year 26 Vol 2 | Nov. 2018 -Jan. 2019



# राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५४ औं वार्षिकोत्सव मनाइदै

**काठमाडौं, ३० पुस**

वि.सं २०२२ माघ १० गते स्थापना भएको राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५४ औं वार्षिकोत्सव समारोह सफलतापूर्वक मनाउन बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठको संयोजकत्वमा ३७ सदस्यीय मुल समिति गठन गरिएको छ । समितिले वार्षिकोत्सवलाई भव्यताका साथ सम्पन्न गर्नको लागि विभिन्न कार्य सम्पादन उप समितिहरु समेत गठन गरेको छ । नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारीको संयोजकत्वमा अतिथिसत्कार उप समिति गठन गरिएको छ भने नायब महाप्रवन्धक केशबप्रसाद लम्सालको संयोजकत्वमा प्रकाशन तथा प्रचार प्रसार उप समिति गठन गरिएको छ । नायब महाप्रवन्धक टेकराज जोशीको संयोजकत्वमा माघ ५ गते बिहान संचालन गर्ने गरी प्रभातफेरी तथा माघ ४ गते दिउँसो केन्द्रीय कार्यालय परिसर सरसफाइ गर्ने गरी प्रभातफेरी र Clean RBB कार्यक्रम उप समिति गठन गरिएको छ । नायब महाप्रवन्धक महेन्द्रप्रसाद अवस्थीको संयोजकत्वमा माघ ४ गते संचालन हुने गरि रक्तदान तथा मन्च व्यवस्थापन उप समिति गठन गरिएको छ । त्यस्तै विभागीय प्रमुख देबेन्द्ररमण खनालको संयोजकत्वमा विभिन्न खेलकुद प्रतियोगिता संचालन गरिने छ।

बाँकी पृष्ट ५ ▶▶ ▶▶

## आरविवि स्मार्ट ब्रान्चको शुभारम्भ

**राष्ट्रिय वाणिज्य बैंकको चालु आर्थिक वर्षको वार्षिक बजेट तथा नीति कार्याक्रमले अंगिकार गरेको क्लिन आरविवि स्मार्ट आरविवि अवधारणा अनुरुप बैंकको ५४ औं वार्षिकोत्सवको अवसरमा पहिलो चरणमा बैंकका तीनवटा शाखा कार्यालय नक्साल, पुल्चोक र हेटौंडालाई स्मार्ट ब्रान्चको रुपमा कायम गरी कार्य शुभारम्भ गरिने भएको छ। ग्राहकमैत्री सेवा र ब्यवहारलाई प्राथमिकतामा राख्दै आकर्षक भौतिक पूर्वाधार, चुस्त तथा सहज सेवा र आधुनिक इलेक्ट्रोनिक उपकरणहरुको अधिकतम प्रयोग गर्ने गरी स्मार्ट ब्रान्चलाई शुभारम्भ गरिने बताइएको छ। स्मार्ट ब्रान्चबाट शाखा अख्तियारी भित्रका ३० लाख रुपैंया सम्मका ब्यवसाय कर्जा, २५ लाख रुपैंया सम्मको घर कर्जा र २० लाख रुपैंया सम्मको गाडी कर्जाहरु आवश्यक सम्पूर्ण कागजात प्राप्त भएको सात कार्यदिन भित्र लगानी गरिने छ। राष्ट्रिय वाणिज्य बैंकका सम्पूर्ण शाखाहरुलाई चरणगत रुपमा स्मार्ट ब्रान्चमा विकास गर्दै लैजाने ब्रान्च अपरेशन विभागका निमित्त विभागीय प्रमुख राज्य लक्ष्मी खड्गीले बताउनुभयो।**

# गुल्मीको रिडी बजारमा बैंकको शाखा शुभारम्भ



**गुल्मी, १४ पुस**

नेपाल सरकारका परराष्ट्र मन्त्री माननीय प्रदिपकुमार ज्ञवालीले राष्ट्रिय वाणिज्य बैक लिमिटेडको शाखा कार्यालय रिडी बजारको औपचारीक रुपमा शुभारम्भ गर्नुभएको छ । यो समेत बैंकको शाखा कार्यालयको संख्या २१० पुगेको छ। सो समारोहमा प्रमुख अतिथि माननीय प्रदिपकुमार ज्ञवालीले बिकासको लागि सबैभन्दा पहिले सम्पूर्ण स्थानीय तहमा बैंक आवश्यक भएको र बैंक भएपछि मात्र अन्य क्षेत्रको बिकास हुने बताउदै राष्ट्रिय वाणिज्य बैंक जनताकै बैंक भएकोले ढुक्कसंग कारोबार गर्न अनुरोध गर्नुभयो। सो कार्यक्रममा गुल्मी जिल्ला १ क का प्रदेश सभा सांसद माननीय कमलप्रसाद श्रेष्ठले रावा बैंक सरकारी बैंक भएकोले प्राथमिकता क्षेत्रमा कर्जा प्रवाह गर्न विशेष जोड दिनुपर्ने बताउनुभयो। बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले रावा बैकले नयां संभाव्य क्षेत्रहरुमा शाखा स्थापना गरि दिगो आर्थिक विकासको लागि वित्तीय पहुंच विस्तार गरिने वताउनुभयो।

बैंकको पोखरा क्षेत्रका निमित्त क्षेत्रीय प्रबन्धक ऋषिराम ढकालको सभापतित्वमा सम्पन्न उक्त समारोहमा ब्रान्च अपरेशन विभागका निमित्त विभागीय प्रमुख राज्य लक्ष्मी खड्गी,



रुरु गांउपालिकाका अध्यक्ष निलकण्ठ गौतम, सत्यवती गांउपालिकाका अध्यक्ष परेश्वर ढकाल, उद्याग वाणिज्य संघ रिडी बजारका अध्यक्ष सुवर्णलाल कक्षपति, स्थानीय उद्यमी व्यवसायी तथा सर्वसाधारणको उपस्थिति रहेको थियो । कार्याक्रमको संचालन ब्रान्च अपरेशन विभागका उपप्रबन्धक जीतेन्द्रसिंह थापाले गर्नुभएको थियो ।

# मुस्कान सेवा नेपाललाई आर्थिक सहयोग



**काठमाडौं, ४ मंसीर**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भक्तपुर, सूर्यविनायक नगरपालिका वडा न.८ स्थित सिपाडोलमा रहेको मुस्कान सेवा नेपाललाई अनाथ बालबालिकाहरुको निवास प्रवन्ध मिलाउनको लागि रु १२ लाख आर्थिक सहयोग गरेको छ । राष्ट्रिय वाणिज्य बैंक लि. संचालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङ्गले मुस्कान सेवा नेपालका अध्यक्ष भवानी कुमारी गुरुङ्गलाई एक समारोहका बीच चेक हस्तान्तरण गर्नुभएको छ । मुस्कान सेवा नेपालले अनाथ बालबालिकाहरुको संरक्षण र तिनको शिक्षा प्रवन्धको लागि कार्य गर्दै आइरहेको छ । उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृतद्धय कबिराज अधिकारी, सुशिल श्रेष्ठ, नायव महाप्रवन्धकहरु केशबप्रसाद लम्साल, टेकराज जोशी, महेन्द्रप्रसाद अवस्थी, विभागीय प्रमुखहरु, मुस्कान सेवा नपालका प्रतिनीधिहरु लगायतको उपस्थिति  रहेको थियो ।

# कोष व्यवस्थापन तथा नोट र सुनचांदी पहिचान सम्बन्धी तालिम सम्पन्न

**काठमाडौं, २८ मंसीर**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा कोष व्यवस्थापन तथा नोट र सुनचांदी पहिचान सम्बन्धी तालिम काठमाडौं क्षेत्रमा सम्पन्न भएको छ । तालिम तथा विकास विभाग दरबारमार्गमा संचालित काठमाडौं क्षेत्र अन्तरर्गतका शाखा कार्यालयमा कार्यरत खजान्जीहरुका लागि लक्षित गरी संचालन गरिएको सो तालिम कार्यक्रममा करिब २७ जना कर्मचारीहरुको सहभागिता रहेको थियो । बैंकका नायब महाप्रवन्धक केशबप्रसाद लम्सालले कोष व्यवस्थापन सम्बन्धी, नेपाल राष्ट्र बैंकका पूर्व उप निर्देशक वीरकाजी शाक्यले नोट पहिचान सम्बन्धी र धर्मरत्न शाक्य तथा दिपकरत्न शाक्यले सुनचांदी पहिचान सम्बन्धी विषयगत प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा तालिम तथा विकास विभागका निमित्त विभागीय प्रमुख दिपक न्यौपाने, काठमाडौं क्षेत्रका निमित्त क्षेत्रीय प्रवन्धक सोनी श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

**नेपालगंज, १४ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा कोष व्यवस्थापन तथा नोट र सुनचांदी पहिचान सम्बन्धी तालिम नेपालगंज क्षेत्रमा सम्पन्न भएको छ । नेपालगंजमा संचालित नेपालगंज क्षेत्र अन्तरर्गतका शाखा कार्यालयमा कार्यरत खजान्जीहरुका लागि लक्षित गरी संचालन गरिएको सो तालिम कार्यक्रममा करिब ४० जना कर्मचारीहरुको सहभागिता रहेको थियो । बैंकका नायब महाप्रवन्धक केशबप्रसाद लम्सालले कोष व्यवस्थापन सम्बन्धी, नेपाल राष्ट्र बैंकका पूर्व उप निर्देशक वीरकाजी शाक्यले नोट पहिचान सम्बन्धी र धर्मरत्न शाक्य तथा दिपकरत्न शाक्यले सुनचांदी पहिचान सम्बन्धी विषयगत प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा नायब महाप्रन्धक टेकराज जोशी, तालिम तथा विकास विभागका निमित्त विभागीय प्रमुख दिपक न्यौपाने, नेपालगंज क्षेत्रका निमित्त क्षेत्रीय प्रवन्धक आनन्द सुवेदी लगायतको उपस्थिति रहेको थियो ।

# कर्जा व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न

**पोखरा, ४ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजना तथा कर्जा विभागको समन्वयनमा क्षेत्रका कर्मचारीहरुका लागि कर्जाको बजारीकरण तथा मूल्याङ्कन र कर्जा अनुगमन तथा व्यवस्थापन सम्बन्धी चार दिवसीय तालिम पोखरामा सम्पन्न भएको छ । सो तालिम कार्याक्रमको उद्घाटन बैक संचालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङ्गले गर्नुभयो । सो अवसरमा अध्यक्ष गुरुङ्गले आएको आलोचनालाई समिक्षा गरेर अगाडि बढ्नुपर्ने बताउदै कर्जामा मात्र नभएर सबै विषयमा बैंक नम्बर एक हुनुपर्ने विचार व्यक्त गर्नुभएको थियो । कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले कर्जामा काम गर्ने कर्मचारीले बढि समय काम गरेर रिजल्ट दिनुपर्ने आवश्यकता रहेको बताउनुभयो । पोखरामा संचालित सो तालिम कार्यक्रममा पोखरा क्षेत्रीय कार्यालय अन्तर्गतका शाखा कार्यालयहरुमा कार्यरत ४२ जना कर्जा इन्चार्जहरुको सहभागिता रहेको थियो । कार्यक्रममा बैंकका नायब महाप्रवन्धक केशबप्रसाद लम्साल, तालिम तथा विकास विभागका निमित्त विभागीय प्रमुख दिपकराज न्यौपाने, पोखरा क्षेत्रका निमित्त क्षेत्रीय प्रवन्धक ऋषिराम ढकाल, प्रवन्धक बालकुमार थापा, उप प्रवन्धकहरु उज्जवल ढकाल, रोहित रेग्मी, कोबिद पन्थी, नापी अधिकृत नवराज सुवेदीले कर्जाका सिद्धान्त, सीडीटी फारम, वित्तीय विवरण विश्लेषण, जोखिम व्यवस्थापन, कर्जाका कानूनी पक्षहरु, धितो मूल्याङ्कन, गैर कोषमा आधारित कर्जा, कृषि तथा सहुलियत कर्जाका बारेमा सहभागी कर्मचारीहरुलाई विषयगत प्रशिक्षण दिनुभएको थियो ।



**इटहरी, १५ कातिक**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजना तथा कर्जा विभागको समन्वयनमा वीराटनगर क्षेत्र कर्जाको बजारीकरण तथा मूल्याङ्कन र कर्जा अनुगमन तथा व्यवस्थापन सम्बन्धी चार दिवसीय तालिम सम्पन्न भएको छ । सो तालिम कार्याक्रमको उद्घाटन बैकका नायब प्रमुख कार्यकारी अधिकृत सुशिल श्रेष्ठले गर्नुभयो । सो अवसरमा श्रेष्ठले बैंकमा कर्जाको माग धेरै भएकोले जथाभावी कर्जा लगानी नगर्न र कर्जा निर्देशिका बमोजिम कर्जा लगानी गरे समस्या नआउने विचार व्यक्त गर्नुभयो । इटहरीमा संचालित सो तालिम कार्यक्रममा बिराटनगर क्षेत्रीय कार्यालय अन्तर्गतका शाखा कार्यालयहरुमा कार्यरत ४९ जना कर्जा इन्चार्जहरुको सहभागिता रहेको थियो । कार्यक्रममा, प्रवन्धक दामेदर ज्ञवाली, उप प्रवन्धकहरु उज्जवल ढकाल, रोहित रेग्मी, कोबिद पन्थीले कर्जाका सिद्धान्त, सीडीटी फारम, वित्तीय विवरण विश्लेषण, जोखिम व्यवस्थापन, कर्जाका कानूनी पक्षहरु, धितो मूल्याङ्कन, गैर कोषमा आधारित कर्जा, कृषि तथा सहुलिय कर्जाका बारेमा बैंक कर्मचारीहरुलाई विषयगत प्रशिक्षण दिनुभएको थियो । सो कार्याक्रममा कर्जा विभागका निमित्त विभागीय प्रमुख संजयकुमार श्रेष्ठ, तालिम तथा विकास विभागका निमित्त विभागीय प्रमुख दिपकराज न्यौपाने, बिराटनगर क्षेत्रका निमित्त क्षेत्रीय प्रवन्धक ऋषब भट्टराई लगायतको उपस्थिति रहेको थियो ।

(बरिष्ठ सहायक कृष्ण आचार्यको सहयोगमा तयार पारिएको)

# नेपाल राष्ट्र बैंक र राष्ट्रिय वाणिज्य बैंक बीच सम्झौता



**काठमाडौं, १४ कातिक**

नेपाल राष्ट्र बैंक र राष्ट्रिय वाणिज्य बैंक लिमिटेड बीच नयां जनशक्तीको लागि विज्ञापन गर्दा दरखास्त शुल्क अनलाइन प्रविधिबाट भुक्तानी गर्ने सम्बन्धमा सम्झौता भएको छ। नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर शिवराज श्रेष्ठको समुपस्थितिमा भएको सम्झौतापत्रमा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक पिताम्बर भण्डारी र राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले हस्ताक्षर गर्नुभएको छ।

समारोहमा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर शिवराज श्रेष्ठले सरकारी स्वामित्वको ठूलो बैंक संग सहकार्य गर्न पाउँदा खुशी लागेको बताउनुभयो। बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले यस सेवालाई प्रभावकारी ढङ्गबाट कार्यन्वयन गर्दै भविश्यमा राष्ट्र बैंक संग सहकार्य गरी जनतालाई थप सेवाहरु प्रदान गर्न बैंक सदैव तयार रहेको बताउनुभयो। उक्त सम्झौता भएपश्चात नेपाल राष्ट्र बैंकले नयां जनशक्ती भर्नाको लागि माग गर्ने विज्ञापनमा आवेदन गर्दा दरखास्त फारम अनलाइन प्रविधि मार्फत भर्नुपर्ने र सो को दरखास्त शुल्क राष्ट्रिय वाणिज्य बैंकको इन्टरनेट बैंकिङ्ग वा मोवाइल बैंकिङ्ग अथवा इ-सेवा डिजिटल सेवा मार्फत राष्ट्रिय वाणिज्य बैंकमा रहेको नेपाल राष्ट्र बैंकको खातामा सिधै रकम जम्मा हुने छ।

उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंकका विभागीय प्रमुख देवेशप्रसाद लोहनी, नेपाल राष्ट्र बैंकका तर्फबाट निर्देशक गुरुप्रसाद पौडेल लगायतको उपस्थिती रहेको थियो।

# 'Energy Efficiency Program Nepal' आयोजना रावा बैक मार्फत कार्यन्वयन हुने

**काठमाडौं, ४ मंसीर**

नेपाल सरकार र जर्मन सरकार बिच सन् २०१० मा नेपालको औद्योगिक तथा ब्यापारिक क्षेत्रमा मितव्ययी तथा प्रभावकारी उर्जा बचत गर्ने सम्झौता बमोजिम राष्ट्रिय वाणिज्य बैंकले 'Energy Efficiency Program Nepal' आयोजना कार्यन्वयनको लागि Project Executing Agency (PEA) को रुपमा सहायता सम्बन्धी कार्य गर्ने भएको छ।

यस आयोजना अन्तर्गत नेपालमा संचालित ठूला, साना तथा मझौला उद्योग र फर्महरुलाई मितव्ययी तथा प्रभावकारी उर्जा बचत हुने गरी यन्त्र उपकरण जडान गर्दा जर्मन सहायताबाट प्राप्त हुने रकमबाट लागतको १५ देखि ३० प्रतिशत सम्म अनुदान रकम राष्ट्रिय वाणिज्य बैंक मार्फत उपलब्ध गराइने छ। यस आयोजना अन्तर्गत कुनै एक इकाइले न्युनतम रु. १० लाख र अधिकतम रु. १ करोड सम्मको लागत लाग्ने यन्त्र उपकरणको जडानमा सहायता रकमका लागि दरखास्त दिन पाइनेछ।

यसका लागि नेपालमा संचालित ठूला, साना तथा मझौला उद्योग र फर्महरुले Web Page: www.energy-efficiency-nepal.com बाट दरखास्त फारम लगायत विस्तृत जानकारी प्राप्त गरी सम्पूर्ण विवरण तथा आवश्यक कागजात सहित राष्ट्रिय वाणिज्य बैंकको केन्द्रीय कार्यालयमा सहायता रकमको लागि दरखास्त दिनु पर्नेछ। साथै, यन्त्र उपकरण जडानको लागि राष्ट्रिय वाणिज्य बैंक लगायत अन्य कुनै वाणिज्य बैंक बाट ऋण लिने गरि यस आयोजनाको सहयोग समेत लिन इच्छुक इकाइहरुका लागि सम्बन्धित वाणिज्य बैंक मार्फत दरखास्त दिनुपर्ने र यस्तो अवस्थामा माथि उल्लेख गरे भन्दा थप ५ प्रतिशत सहायता रकम उपलब्ध गराईने छ।

# एटिएम संचालन, आइटी र सरकारी कारोबार सम्बन्धी तालिम सम्पन्न

**हेटौंडा, ४ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा एटिएम संचालन, हिसाब मिलान, नयां इ-बैंकिङ्ग सेवा संचालन, सूचना प्रविधि र जोखिम, सरकारी कारोबार, कर, आम्दानी, बित्त फारम, पेन्सन व्यवस्थापन तथा रिम्स सम्बन्धी चार दिवसीय तालिम सम्पन्न भएको छ। हेटौंडामा संचालित सो तालिम कार्यक्रममा वीरगंज क्षेत्रीय कार्यालय अन्तर्गतका शाखा कार्यालयहरुमा कार्यरत ३४ जना कर्मचारीहरुको सहभागिता रहेको थियो। इलेक्ट्रोनिक विभागका विभागीय प्रमुख रिको स्थापित, बित्त विभागका विभागीय उपप्रमुख राजु थापा, प्रवन्धकहरु हेमन्त जिसी, गगनसिंह घिमिरे, आनन्द नारायण चौधरी, उप प्रवन्धकहरु अर्जुन दाहाल, मुरलीधर भट्टले कर्मचारीहरुलाई विषयगत प्रशिक्षण दिनुभएको थियो। सो कार्यक्रममा सूचना प्रविधि विभागका विभागीय प्रमुख देवेशप्रसाद लोहनी, तालिम तथा विकास विभागका निमित्त विभागीय प्रमुख दिपकराज न्यौपाने, वीरगंज क्षेत्रका निमित्त क्षेत्रीय प्रवन्धक विश्वप्रकाश ज्ञवाली लगायतको उपस्थिति रहेको थियो।

**नेपालगंज, १६ मंसीर**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा एटिएम संचालन, हिसाब मिलान, नयां इ-बैंकिङ्ग सेवा संचालन, सूचना प्रविधि र जोखिम, सरकारी कारोबार, कर, आम्दानी, बित्त फारम, पेन्सन व्यवस्थापन तथा रिम्स सम्बन्धी चार दिवसीय तालिम सम्पन्न भएको छ। नेपालगंज संचालित सो तालिम कार्यक्रममा नेपालगंज क्षेत्रीय कार्यालय अन्तर्गतका शाखा कार्यालयहरुमा कार्यरत ६० जना कर्मचारीहरुको सहभागिता रहेको थियो। इलेक्ट्रोनिक विभागका विभागीय प्रमुख रिको स्थापित, बित्त विभागका विभागीय उपप्रमुख राजु थापा, प्रवन्धकहरु हेमन्त जिसी, गगनसिंह घिमिरे, आनन्द नारायण चौधरी, उप प्रवन्धकहरु अर्जुन दाहाल, मुरलीधर भट्टले बैंक कर्मचारीहरुलाई विषयगत प्रशिक्षण दिनुभएको थियो। सो कार्यक्रममा सूचना प्रविधि विभागका विभागीय प्रमुख देवेशप्रसाद लोहनी, तालिम तथा विकास विभागका निमित्त विभागीय प्रमुख दिपकराज न्यौपाने, नेपालगंज क्षेत्रका निमित्त क्षेत्रीय प्रवन्धक आनन्द सुवेदी लगायतको उपस्थिति रहेको थियो।

(बरिष्ठ सहायक कृष्ण आचार्यको सहयोगमा तयार पारिएको)

# राष्ट्रिय वाणिज्य बैंक लि. र टिच फर नेपाल बीच सम्झौता




**काठमाडौं, १५ मंसीर**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र टिच फर नेपाल बीच सामुदायिक विद्यालयका स्वयम सेवक शिक्षकहरुको व्यवस्थापनको लागि १० लाख रुपैंया आर्थिक सहयोग गर्ने सम्बन्धमा सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र टिच फर नेपालका प्रमुख कार्यकारी अधिकृत शिसिर खनालले हस्ताक्षर गर्नुभएको छ ।

समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत शैक्षिक, सामाजिक तथा मानविय क्षेत्रमा सहयोग गरिरहेको र भविष्यमा थप सहयोग गर्दै जाने बताउनुभयो। त्यसैगरी टिच फर नेपालका प्रमुख कार्यकारी अधिकृत शिसिर खनालले संस्थाको उद्धेश्य तथा गरेका कार्यहरुका बारेमा प्रकाश पार्नु भएको थियो । टिच फर नेपाल संस्थाले दाङ्ग, लमजुङ्ग, पर्सा, धनुषा, ललितपुर र सिन्धुपाल्चोक जिल्लामा रहेका ५१ वटा सामुदायिक विद्यालयका ११० स्वयम सेवक शिक्षक मार्फत १० हजार विद्यार्थीहरुलाई अध्यापन गराई शैक्षिक गुणस्तर बृद्धिका लागि कार्य गरिरहेको छ। उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंकका नायब प्रमुख कार्यकारी अधिकृतद्धय कविराज अधिकारी र सुशिल श्रेष्ठ, नायब महाप्रबन्धकहरु केशबप्रसाद लम्साल, टेकराज जोशी, महेन्द्रप्रसाद अवस्थी लगायत विभागीय प्रमुखहरुको उपस्थिति रहेको थियो ।

# आरविवि मर्चेन्टको तेश्रो साधारण सभा सम्पन्न



**काठमाडौं, २७ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको सहायक कम्पनी आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडको तेश्रो वार्षिक साधारण सभा सम्पन्न भयो । सञ्चालक समितिका अध्यक्ष किरणकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न साधारण सभाले आ.व. २०७४/०७५ को वार्षिक प्रतिवेदन सहित विविध प्रस्तावहरु पारित गरेको छ ।

आगामी दिनहरुमा यस कम्पनीले मर्चेन्ट बैंकिङ्ग सेवाको विकास र विस्तारमा अग्रणी भूमिका खेलेर विशेष गरि दुरदराजमा रहेका आमलगानीकर्ताहरुलाई सेवादिने लक्ष्य रहेको साधारण सभामा जानकारी गराइयो । उक्त तेश्रो साधारण सभामा आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडका सञ्चालकहरु कबिराज अधिकारी, सुशिल श्रेष्ठ, केशब प्रसाद लम्साल, सरस्वती अधिकारी तथा संस्थापक शेयरधनीका प्रतिनिधि टेकराज जोशी, राष्ट्रिय वाणिज्य बैंक लि.का नायब महाप्रबन्धक श्री महेन्द्र प्रसाद अवस्थी, लेखापरीक्षक एकराज सिग्देल लगायत विभिन्न संस्थाका प्रतिनीधिहरुको उपस्थिती रहेको थियो ।

# राष्ट्रिय वाणिज्य बैंकको Business Meet-2075 कार्यक्रम सम्पन्न




**काठमाडौं, १५ मंसीर**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको व्यवसाय बृद्धिका लागि रणनीति तय गर्न कर्जा लगानीको दृष्टिकोणले बढि कर्जा लगानी भएका ४८ शाखा कार्यालयका प्रवन्धकहरु सम्मिलित Business Meet-2075 चितवनको सौराहमा सम्पन्न भएको छ । सो कार्यक्रममा प्रतिस्पर्धी बैंकिङ्ग बजारमा बैंकको निक्षेप, कर्जा, ईबैंकिङ्ग, गैर कोषमा आधारित व्यवसाय बृद्धिका लागि व्यापक रुपमा छलफल भई रणनीति तय गरिएको थियो । कार्यक्रमको बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले उद्घाटन गर्दै बजारमा राष्ट्रिय वाणिज्य बैंकको व्यवसाय, नेटवर्थ, कार्यसंजाल ठूलो भएको हुंदा रावा बैंकले नै मार्केटलाई डोर्‍याउनुपर्ने दायित्व रहेकाले व्यवसाय बृद्धि गर्न शाखा प्रवन्धकहरुलाई निर्देशन दिनुभयो । उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारी, नायव महाप्रवन्धकहरु केशबप्रसाद लम्साल, टेकराज जोशी, विभागीय प्रमुखहरु, क्षेत्रीय प्रवन्धकहरु लगायतको उपस्थिती रहेको थियो ।

# देवानी संहिता सम्बन्धी प्रशिक्षण कार्यक्रममा रावा बैंकको सहभागिता




**काठमाडौं, २२ मंसीर**

राष्ट्रिय न्यायिक प्रतिस्ठान नेपालद्धारा गत मंसीर १५ देखि २२ गते सम्म विभिन्न बैंक तथा वित्तीय संस्थामा कार्यरत कानून अधिकृतहरुको लागि आयोजित देवानी संहिता सम्बन्धी प्रशिक्षण कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंकका १० जना कानून अधिकृतहरुले सहभागिता जनाउनु भएको छ। सो कार्यक्रममा मुलुकी देवानी संहिता ऐन, २०७४ र मुलुकी देवानी कार्यविधि ऐन, २०७४ मा भएका नयां कानूनी व्यवस्थाहरुका सम्बन्धमा उच्च अदालत पाटन, जिल्ला न्यायाधीसहरु एवं अन्य विज्ञ प्रशिक्षकहरुबाट प्रशिक्षण दिइएको थियो। सो कार्यक्रममा बैंकका कानून विभागका निमित्त विभागीय प्रमुख शिवकुमार अधिकारी, प्रवन्धक(का.) बिष्णुप्रसाद कंडेल, प्रवन्धक(का.) सानुभाई खड्का, उपप्रवन्धक(का.) ईन्दिरा थापा कार्की, उपप्रवन्धक(का.) सपना शाही, उपप्रवन्धक(का.) अर्तिनाथ बोकी श्रेष्ठ, उपप्रवन्धक(का.) रामहरि त्रिपाठी, सहायक प्रवन्धक(का.) नीति कार्की, सहायक प्रवन्धक(का.) प्रतिमा के.सी., सहायक प्रवन्धक(का.) बासुदेब खत्रीको सहभागिता रहेको थियो ।

राष्ट्रिय वाणिज्य बैंकको ५४ औं वार्षिकोत्सव समारोह सफलतापूर्वक मनाउन बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठको संयोजकत्वमा मुल समिति गठन गरिएको छ । मुल समिति तथा उप समितिहरुको नामावली यसप्रकार छः

## ५४औं वार्षिकोत्सव मुल समारोह समिति

| क्र सं | पद | कार्यालय/विभाग | नाम थर | पद |
|---|---|---|---|---|
| १. | प्रमुख कार्यकारी अधिकृत | केन्द्रिय कार्यालय | श्री किरण कुमार श्रेष्ठ | संयोजक |
| २. | नायब प्रमुख कार्यकारी अधिकृत | केन्द्रिय कार्यालय | श्री कविराज अधिकारी | सदस्य |
| ३. | नायब प्रमुख कार्यकारी अधिकृत | केन्द्रिय कार्यालय | श्री शुशिल श्रेष्ठ | सदस्य |
| ४. | नायब महाप्रबन्धक | केन्द्रिय कार्यालय | श्री केशव प्रसाद लम्साल | सदस्य |
| ५. | नायब महाप्रबन्धक | केन्द्रिय कार्यालय | श्री टेक राज जोशी | सदस्य |
| ६. | नायब महाप्रबन्धक | केन्द्रिय कार्यालय | श्री महेन्द्र प्रसाद अवस्थी | सदस्य |
| ७. | विभागीय प्रमुख | ट्रेजरी | श्री सरस्वती अधिकारी | सदस्य |
| ८. | विभागीय प्रमुख | सूचना प्रविधि | श्री देवेश प्रसाद लोहनी | सदस्य |
| ९. | विभागीय प्रमुख | आन्तरिक लेखा परिक्षण | श्री देवेन्द्र रमण खनाल | सदस्य |
| १० | शाखा प्रवन्धक | मुख्य शाखा | श्री पवन रेग्मी | सदस्य |
| ११. | विभागीय प्रमुख | मानव शंसाधन | श्री विनय रमण पौडेल | सदस्य |
| १२. | विभागीय प्रमुख | वित्त | श्री विमल डंगोल | सदस्य |
| १३. | विभागीय प्रमुख | जोखिम व्यवस्थापन तथा कर्जा अनुगमन | श्री दुर्गा कुमारी कंडेल | सदस्य |
| १४. | विभागीय प्रमुख | ईलेक्ट्रोनिक बैंकिङ | श्री रिको स्थापित | सदस्य |
| १५. | नि. विभागीय प्रमुख | मार्केटिङ तथा विकास विभाग | श्री सुनिता मानन्धर | सदस्य |
| १६. | नि. विभागीय प्रमुख | संस्थागत तथा साना मझौला कर्जा | श्री सञ्जय कुमार श्रेष्ठ | सदस्य |
| १७. | नि. विभागीय प्रमुख | कम्प्लायन्स | श्री कृष्ण साह | सदस्य |
| १८. | नि. विभागीय प्रमुख | पुर्वाधार तथा सहवित्तीयकरण कर्जा | श्री निम्बल श्रेष्ठ | सदस्य |
| १९. | नि. विभागीय प्रमुख | कर्जा असुली तथा पुनरसरचना | श्री गायत्री श्रेष्ठ | सदस्य |
| २०. | नि. विभागीय प्रमुख | कृषि तथा सामाजिक बैंकिङ | श्री नारायण प्रसाद लामिछाने | सदस्य |
| २१. | नि. विभागीय प्रमुख | तालिम तथा विकास | श्री दिपक न्यौपाने | सदस्य |
| २२. | नि. विभागीय प्रमुख | कानून | श्री शिव प्रसाद अधिकारी | सदस्य |
| २३. | नि. विभागीय प्रमुख | सामान्य सेवा | श्री ध्रुव अर्याल | सदस्य |
| २४. | नि. विभागीय प्रमुख | व्यवस्थापन सूचना प्रणाली तथा बजेट | श्री राजेश अग्रवाल | सदस्य |
| २५. | नि. विभागीय प्रमुख | सम्पत्ति व्यवस्थापन | श्री कमलेश ठाकुर | सदस्य |
| २६. | क्षेत्रीय प्रवन्धक | क्षेत्रीय कार्यालय, काठमाण्डौं | श्री सोनी श्रेष्ठ | सदस्य |
| २७. | शाखा प्रवन्धक | कर्पोरेट शाखा | श्री सरोज बस्नेत | सदस्य |
| २८. | कम्पनी सचिव | संचालक समितिको कार्यालय | श्री भोला पौडेल | सदस्य |
| २९. | शाखा प्रवन्धक | दरवारमार्ग | श्री राम कुमार थापा | सदस्य |
| ३०. | विभागीय उप प्रमुख | अन्तर शाखा हिसाव मिलान | श्री पद्मा लक्ष्मी जि. सी. | सदस्य |
| ३१. | विभागीय उप -प्रमुख | मानव संशाधन | श्री भिम प्रसाद घिमिरे | सदस्य |
| ३२. | विभागीय उप-प्रमुख | पुर्वाधार तथा सहवित्तीयकरण कर्जा | श्री सन्दीप जंग कार्की | सदस्य |
| ३३. | विभागीय उप -प्रमुख | ट्रेजरी | श्री भवानी शंकर निरौला | सदस्य |
| ३४. | अध्यक्ष | कर्मचारी संघ नेपाल | श्री हेम राज सुवेदी | सदस्य |
| ३५. | अध्यक्ष | नेपाल वित्तीय संस्था कर्मचारी संघ | श्री गगन सिंह घिमिरे | सदस्य |
| ३६. | अध्यक्ष | नेपाल राष्ट्रिय कर्मचारी संगठन | श्री दिपेन्द्र कार्की | सदस्य |
| ३७ | नि. विभागीय प्रमुख | ब्रान्च अपरेशन विभाग | श्री राज्य लक्ष्मी खड्गी | सदस्य सचिव |

### अतिथी सत्कार उप समितिः

| पद | नाम थर | कार्यक्रम |
|---|---|---|
| संयोजक | श्री कविराज अधिकारी | ५४ औं वार्षिकोत्सवका अवसरमा अतिथी सत्कार । |
| सह-संयोजक | श्री शुशिल श्रेष्ठ | |
| सदस्य | श्री केशव प्रसाद लम्साल | |
| सदस्य | श्री टेक राज जोशी | |
| सदस्य | श्री महेन्द्र प्रसाद अवस्थी | |
| सदस्य | श्री भोला पौडेल | |

### प्रकाशन तथा प्रसार प्रचार उपसमितिः

| पद | नाम थर | कार्यक्रम |
|---|---|---|
| संयोजक | श्री केशव प्रसाद लम्साल | स्तरिय आर्थिक लेख सहित बैंकको बार्षिक मुखपत्र उपहार पत्रिका प्रकाशनको व्यवस्थापन मिलाउने, बैंकको बारेमा वित्तचित्र निर्माण गर्ने, प्रचार सामाग्री तयार गरी पत्रपत्रिकामा बैंकको बिज्ञापन प्रकाशन गर्ने । |
| सदस्य | श्री सरस्वती अधिकारी | |
| सदस्य | श्री कृष्ण साह | |
| सदस्य | श्री दिपक न्यौपाने | |
| सदस्य | श्री भोला पौडेल | |
| सदस्य | श्री हृदय गौतम | |
| सदस्य | श्री भवानी शंकर निरौला | |
| सदस्य सचिव | श्री ईश्वर उप्रेती | |

### प्रभातफेरि कार्यक्रम र Clean RBB उपसमितिः

| पद | नाम थर | कार्यक्रम |
|---|---|---|
| संयोजक | श्री टेक राज जोशी | बैंकको ५४ औं वार्षिकोत्सवको अवसरमा २०७५ माघ ५ गते विहान ७:३० बजे प्रभातफेरि कार्यक्रम र माघ ४ गते बैंकको केन्द्रीय कार्यालय परिसरमा सरसफाई कार्यक्रम आयोजना गरिनेछ । |
| सदस्य | श्री सरस्वती अधिकारी | |
| सदस्य | श्री देवेश प्रसाद लोहनी | |
| सदस्य | श्री रिको स्थापित | |
| सदस्य | श्री पवन रेग्मी | |
| सदस्य | श्री दुर्गा कुमारी कंडेल | |
| सदस्य | श्री विनय रमण पौडेल | |
| सदस्य | श्री निम्वल श्रेष्ठ | |
| सदस्य | श्री नारायण प्रसाद लामिछाने | |
| सदस्य | श्री राज्य लक्ष्मी खड्गी | |
| सदस्य | श्री शिव प्रसाद अधिकारी | |
| सदस्य | श्री सरोज बस्नेत | |
| सदस्य | श्री राजेश अग्रवाल | |
| सदस्य | श्री कमलेश ठाकुर | |
| सदस्य | श्री हेम राज सुवेदी | |
| सदस्य | श्री गगन सिंह घिमिरे | |
| सदस्य | श्री दिपेन्द्र कार्की | |

### रक्तदान कार्यक्रम उपसमितिः

| पद | नाम थर | कार्यक्रम |
|---|---|---|
| संयोजक | श्री महेन्द्र प्रसाद अवस्थी | बैंकको ५४ औं वार्षिकोत्सवको अवसरमा २०७५ माघ ४ गते विहान १० बजे रक्तदान कार्यक्रम आयोजना गर्ने । |
| सदस्य | श्री विनय रमण पौडेल | |
| सदस्य | श्री सञ्जय कुमार श्रेष्ठ | |
| सदस्य | श्री पद्मा लक्ष्मी जि. सी. | |
| सदस्य | श्री राज्य लक्ष्मी खड्गी | |
| सदस्य | श्री गायत्री श्रेष्ठ | |
| सदस्य | श्री मुकुन्द खड्का | |

### मञ्च व्यवस्थापन उप समितिः

| पद | नाम थर | कार्यक्रम |
|---|---|---|
| संयोजक | श्री महेन्द्र प्रसाद अवस्थी | ५४ औं वार्षिकोत्सवका अवसरमा मञ्च व्यवस्थापन गर्ने र जलपान कार्यक्रम आयोजना गर्ने ।। |
| सदस्य | श्री देवेश प्रसाद लोहनी | |
| सदस्य | श्री ध्रुव अर्याल | |
| सदस्य | श्री कमलेश ठाकुर | |

### खेलकुद समितिः

| पद | नाम थर | कार्यक्रम |
|---|---|---|
| संयोजक | श्री देवेन्द्र रमण खनाल | केन्द्रिय कार्यालय/क्षेत्रीय कार्यालयमा ब्याडमिन्टन, टेबुल टेनिस र म्युजिकल चेयर खेलकुद प्रतियोगिता संचालन गर्ने । |
| सदस्य | श्री सुनिता मानन्धर | |
| सदस्य | श्री सोनी श्रेष्ठ | |
| सदस्यहरु | रा. वा. बैंक खेलकुद समितिका सदस्यहरु | |

### सचिवालय सम्वन्धी कार्यहरु ब्रान्च अपरेशन विभागले गर्ने

| |
|---|
| शाखा कार्यालयहरुलाई वार्षिकोत्सव खर्च |
| उत्कृष्ट कार्य सम्पादन पुरस्कार वितरण |
| सचिवालय खर्च |

# प्रतितपत्र सम्बन्धी तालिम सम्पन्न

**काठमाडौं, ८ पुस**



राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजना र ट्रेजरी विभागको समन्वयनमा प्रतितपत्र (Letter of Credit) सम्बन्धी दुई दिवसीय तालिम सम्पन्न भएको छ । सो तालिम कार्यक्रमको उद्घाटन बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले गर्नुहुँदै बैंकले गैर कोषमा आधारित व्यवसायलाई प्राथमिकताका साथ कारोबार गर्ने बताउनुभयो । तालिम तथा विकास विभाग, दरबारमार्गमा संचालित सो तालिम कार्यक्रममा प्रतितपत्र सम्बन्धी कारोबार गरिरहेका र आगामी दिनमा प्रतितपत्रको कारोबार शुरु गर्ने शाखा कार्यालयहरुमा कार्यरत २६ जना कर्मचारीहरुको सहभागिता रहेको थियो । बैंकका नायब महाप्रबन्धक केशबप्रसाद लम्साल, नेपाल राष्ट्र बैंकका बासुदेब भट्टराई, सनराइज बैंकका सवेन्द्र मिश्र, कबिन्द्रप्रताप शाह, रमेशकुमार पोखरेल, शेखरराज शर्माले बैंक कर्मचारीहरुलाई प्रतितपत्रका विविध पक्षहरुका बारेमा विषयगत प्रशिक्षण दिनुभएको थियो । सो कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सुशिल श्रेष्ठ, ट्रेजरी विभागका विभागीय प्रमुख सरस्वती अधिकारी, तालिम तथा विकास विभागका निमित्त विभागीय प्रमुख दिपकराज न्यौपाने लगायत बैंकका अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## मानव संशाधन

### मिति २०७५ मंसिर १ गते देखि पुस मसान्त सम्म भएका सरुवा विवरण:

| क्र.सं. | नाम | क.सं. | कार्यरत कार्यालय | सरुवाभएको कार्यालय | तह | पद |
|---|---|---|---|---|---|---|
| | | | मिति – २०७५।०८।०९ | | | |
| १ | श्री गोबिन्द पौडेल | १२३३१ | नेपालगञ्ज | ठमेल | ४ | सहायक |
| २ | श्री मोनिका तामाङ्ग | १२३७५ | भच्चेक | ठमेल | ४ | सहायक (नगद) |
| ३ | श्री राजेन्द्र घिमिरे | १२४१७ | बयरवन | सु.ब.बिराटनगर | ३ | नगद सहायक |
| ४ | श्री दिव्या बस्नेत | १२३४८ | बिराटनगर | सुर्यबिनायक | ४ | सहायक |
| ५ | श्री गणेश अचार्य | १२३६७ | तुल्सीपुर | टेकु | ४ | सहायक (नगद) |
| ६ | श्री विनोद तण्डुकार | १२३९६ | मान्म | टेकु | ४ | सहायक (नगद) |
| ७ | श्री प्रीतिका रौनियार | १२२६५ | बिराटनगर | ट्रेजरी विभाग | ६ | सहायक प्रबन्धक |
| ८ | श्री सविता अचार्य | १२३८१ | भैरहवा | बुढानिलकण्ठ | ४ | सहायक (नगद) |
| ९ | श्री प्रकृति पौडेल | १२३४४ | त्रिवेणी | बानेश्वर | ४ | सहायक |
| १० | श्री अम्बिका राउत | १२४०७ | चरिकोट | बानेश्वर | ४ | सहायक (नगद) |
| ११ | श्री सुशन श्रेष्ठ | १२३७९ | ईनरुवा | बानेश्वर | ४ | सहायक (नगद) |
| १२ | श्री विनिता गुरुङ्ग | १२९६० | आरुघाट | आरुघाट | ४ | नगद सहायक |
| १३ | श्री इन्दिरा जोन्छे | १२३४० | लालबन्दी | मु.शा.का.काठमाण्डौ | ४ | सहायक |
| १४ | श्री सम्झना पुडासैनी | १२२९७ | पार्दी | मु.शा.का.काठमाण्डौ | ४ | बरिष्ठ सहायक (नगद) |
| १५ | श्री पिताम्बर न्यौपाने | १२१५१ | मन्थली | मैतिदेवी | ३ | कनिष्ठ सहायक |
| १६ | श्री शान्ति गुरुङ्ग | १२३५२ | गाईघाट | भोटाहिटी | ४ | सहायक |
| १७ | श्री एलिना धिताल | १२९२१ | भच्चेक | भच्चेक | ४ | नगद सहायक |
| १८ | श्री सगुन बहादुर कार्की | १२३२५ | गुलरिया | नक्साल | ४ | सहायक |
| १९ | श्री बिमा लावती | १२३०३ | धरान | पुल्चोक | ५ | बरिष्ठ सहायक (नगद) |
| २० | श्री दिपेन्द्र श्रेष्ठ | १२३१६ | भरतपुर | फर्पिङ्ग | ५ | बरिष्ठ सहायक (क.अ.) |
| २१ | श्री यशोदा घिमिरे | १२४०९ | दमक | सिंहदरबार | ४ | सहायक |
| २२ | श्री अन्जली शर्मा दाहाल | १२३६५ | आंबुखैरेनी | ललितपुर | ४ | सहायक (नगद) |
| २३ | श्री संगिता यादव | १२३११ | धुलिखेल | ललितपुर | ५ | बरिष्ठ सहायक (नगद) |
| २४ | श्री प्रतिमा फुयाल | १२३२९ | हेटौडा | ई.बैंकिङ्ग विभाग | ४ | सहायक |
| २५ | श्री कविराज बराल | ११९१७ | सु.ब.बिराटनगर | अन्तर शाखा हि.मि.विभाग | ५ | बरिष्ठ सहायक (नगद) |
| २६ | श्री रंजना श्रेष्ठ | १२३९१ | आरुघाट | कर्पोरेट | ४ | सहायक (नगद) |
| २७ | श्री ईन्दिरा बस्याल | १२३८९ | गल्याङ्गबजार | गौशाला | ४ | सहायक (नगद) |
| २८ | श्री सुकु शेर्पा | १२३०७ | मन्थली | गौशाला | ५ | बरिष्ठ सहायक (नगद) |
| २९ | श्री यज्ञ प्रसाद सापकोटा | १२७०० | गल्याङ्गबजार | गल्याङ्गबजार | ४ | नगद सहायक |
| ३० | श्री रमिला आचार्य | १२३९० | ईटहरी | सानोठिमी | ४ | सहायक (नगद) |
| ३१ | श्री विनोद भुसाल | १२३८४ | हार्थोक | टेकु | ४ | सहायक (नगद) |
| ३२ | श्री मेरिना श्रेष्ठ | १२३४७ | धरान | ट्रेजरी विभाग | ४ | सहायक |
| ३३ | श्री दिपा शर्मा | ११८३६ | बालाजु | बुढानिलकण्ठ | ४ | सहायक (कम्प्युटर) |
| ३४ | श्री लक्ष्मी खत्री | १२३३२ | धरान | बानेश्वर | ४ | सहायक |
| ३५ | श्री राज कुमार श्रेष्ठ | १२३९९ | विदुर | बानेश्वर | ४ | सहायक (नगद) |
| ३६ | श्री मिना तामाङ्ग | १२३०४ | सल्लेरी | बालाजु | ५ | बरिष्ठ सहायक (नगद) |
| ३७ | श्री करुणा नेपाली | १२३९२ | कटारी | दरवारमार्ग | ४ | सहायक (नगद) |
| ३८ | श्री लक्ष्मी लोहनी | १२३२४ | कावासोती | महाराजगञ्ज | ४ | सहायक |
| ३९ | श्री पासाङ्ग दावा शेर्पा | १२३०५ | नाम्चेबजार | महाराजगञ्ज | ५ | बरिष्ठ सहायक (नगद) |
| ४० | श्री मनोज घिमिरे | १२३३७ | गजुरी | महाराजगञ्ज | ४ | सहायक |
| ४१ | श्री भरत प्रसाद खतिवडा | १०६११ | फिदिम | भद्रपुर | ५ | बरिष्ठ सहायक |
| ४२ | श्री कुसुमलता सुवेदी | १२३३४ | वर्दघाट | भोटाहिटी | ४ | सहायक |
| ४३ | श्री भीम प्रसाद गौतम | १२६२१ | भोजपुर | दिङ्गला | ५ | नगद सहायक |
| ४४ | श्री संजय मर्हजन | १२८४० | नाम्चेबजार | नाम्चेबजार | ४ | नगद सहायक |
| ४५ | श्री श्रुति चौधरी | ११८१४ | कलैया | नक्साल | ४ | सहायक (कम्प्युटर) |
| ४६ | श्री दृगपाल चौधरी | १२९१४ | वाणगंगा | वाणगंगा | ४ | नगद सहायक |
| ४७ | श्री राजन कुमार श्रेष्ठ | १०८९१ | भोजपुर | वित विभाग | ५ | बरिष्ठ सहायक |
| ४८ | श्री सपना कोजु | १२३५४ | परासी | वित विभाग | ४ | सहायक |
| ४९ | श्री पुजा अधिकारी | १२३४९ | बेशिशहर | किर्तिपुर | ४ | सहायक |
| ५० | श्री मदन राज जोशी | १२३१५ | धनगढी | किर्तिपुर | ५ | ब.स.(क.अ.) |
| ५१ | श्री निराजन घिमिरे | १२३६६ | गौर | ललितपुर | ४ | सहायक (नगद) |
| ५२ | श्री सुजन जोशी | १२३१८ | बिरगञ्ज | ई.बैंकिङ्ग विभाग | ५ | ब.स.(क.अ.) |
| ५३ | श्री रेखा मर्हजन | १२४०० | वाणगंगा | थापाथली | ४ | सहायक (नगद) |
| ५४ | श्री अस्मिता मानन्धर | १२४८० | सिन्धुली | गौशाला | ४ | सहायक |
| ५५ | श्री अरुणा शाक्य | १२३४३ | अमरसिंहचोक | थापाथली | ४ | सहायक |
| ५६ | श्री रोशनी भण्डारी | १२२९० | गुल्मी | ठमेल | ५ | बरिष्ठ सहायक (नगद) |
| ५७ | श्री जेम्स जोशी | ११८७२ | ई.बैंकिङ्ग विभाग | स.तथा स.म. कर्जा विभाग | ४ | सहायक (कम्प्युटर) |
| ५८ | श्री बरुण खडका | ११५२० | क्षे.का.काठमाण्डौ | स.तथा स.म. कर्जा विभाग | ५ | ब.स.(क.अ.) |
| ५९ | श्री कुशल सिलवाल | १२३८३ | रामपुर | मु.शा.का.काठमाण्डौ | ४ | सहायक (नगद) |
| ६० | श्री नविन भण्डारी | ११६९२ | पु.तथा स.कर्जा विभाग | मु.शा.का.काठमाण्डौ | ७ | उप प्रबन्धक (लेखा) |
| ६१ | श्री प्रदिप तिम्सिना | ११८०८ | धनगढी | ई.बैंकिङ्ग विभाग | ४ | सहायक (कम्प्युटर) |
| ६२ | श्री कृष्ण प्रसाद पाण्डे | ११९१४ | गुल्मी | गुल्मी | ४ | नगद सहायक |
| ६३ | श्री शिवराम ढकाल | १२२९३ | मौलापुर | थापाथली | ५ | बरिष्ठ सहायक (नगद) |
| ६४ | श्री मिलन लामिछाने | ११८०६ | बानेश्वर | क.अ.तथा पु.सं.विभाग | ४ | सहायक (कम्प्युटर) |
| ६५ | श्री दिपा पाण्डे | १२८९४ | हार्थोक | हार्थोक | ४ | नगद सहायक |
| ६६ | श्री चुडामणि के.सी. | १२५१२ | दुनै | दुनै | ६ | शाखा प्रबन्धक |
| ६७ | श्री प्रबिन ढकाल | १२६२९ | दुनै | दुनै | ५ | नगद सहायक |
| ६८ | श्री कमल रावत | १२६९१ | दुनै | दुनै | ४ | शाखा सहायक प्रबन्धक |
| ६९ | श्री नविन भट्टराई | १२३३९ | आर्यभञ्याङ्ग | आर्यभञ्याङ्ग | ४ | शाखा सहायक प्रबन्धक |
| ७० | श्री सृजना पन्थ | १२८९९ | आर्यभञ्याङ्ग | आर्यभञ्याङ्ग | ४ | नगद सहायक |
| ७१ | श्री अनु मोक्तान | १२६०० | लेटाङ्ग | लेटाङ्ग | ५ | शाखा सहायक प्रबन्धक |
| ७२ | श्री सुवर्ण उभरकोटी | १२८७० | लेटाङ्ग | लेटाङ्ग | ४ | नगद सहायक |
| ७३ | श्री आशिष श्रेष्ठ | १२६१२ | गँजभवानीपुर | गँजभवानीपुर | ५ | शाखा सहायक प्रबन्धक |
| ७४ | श्री ज्योति सर्राफ | १२८१४ | गँजभवानीपुर | गँजभवानीपुर | ४ | नगद सहायक |
| ७५ | श्री दिनेश अर्याल | १२९२० | झापाबजार | झापाबजार | ४ | नगद सहायक |
| ७६ | श्री विनोद कुमार श्रेष्ठ | ७३५५ | पथरी | पथरी | ५ | शाखा सहायक प्रबन्धक |
| ७७ | श्री हरि प्रसाद साह | १२९१२ | पथरी | पथरी | ४ | नगद सहायक |
| ७८ | श्री सुनिल कुमार उराउ | १२६११ | पथरी | बयरवन | ५ | शाखा सहायक प्रबन्धक |
| ७९ | श्री सुमित्रा खतिवडा | १२०६६ | दमक | दमक | ६ | शाखा सहायक प्रबन्धक |
| ८० | श्री कल्पना राना क्षेत्री | १०९३७ | भोजपुर | भोजपुर | ५ | नगद सहायक |
| | | | मिति – २०७५।०८।१७ | | | |
| १ | श्री राम कुमार आचार्य | ११४५२ | थापाथली | थापाथली | का.मु.६ | नगद अधिकृत |
| २ | श्री मङ्गल प्रसाद छुस्यावाग | ९०४० | बानेश्वर | बानेश्वर | का.मु.६ | नगद अधिकृत |
| ३ | श्री शरद कुमार श्रेष्ठ | १०२२५ | भोटाहिटी | के.का.(आ.ले.प.ईकाई) | ६ | सहायक प्रबन्धक |
| ४ | श्री रमिता मुनिकार | १२०८० | बानेश्वर | के.का.सं तथा स.म.क.विभाग | ६ | सहायक प्रबन्धक |
| ५ | श्री श्वेता काफ्ले | १२२०८ | सु.ब.भैरहव | भैरहवा | ३ | कनिष्ठ सहायक |
| ६ | श्री गोबिन्द कुमार शाह | ११७१२ | हिले | धनकुटा | का.मु.४ | सहायक |
| ७ | श्री सरोज आचार्य | ११४४७ | दिक्तेल | ट्रेजरी विभाग | ६ | सहायक प्रबन्धक |
| ८ | श्री काजी बस्नेत | ११४४५ | ट्रेजरी विभाग | दिक्तेल | ६ | शाखा प्रबन्धक |
| ९ | श्री दिपेन्द्र कुमार मण्डल | १२८५६ | दिक्तेल | दिक्तेल | ४ | नगद सहायक |
| १० | श्री शर्मिला उदास | १००५२ | देवकोटाचोक | क्षे.का.बिराटनगर | ५ | बरिष्ठ सहायक |
| ११ | श्री लालबाबु राय यादव | ९०८८ | गौर | गौर | ५ | नगद सहायक |
| १२ | श्री सावित्रा आचार्य | १०८५१ | थापाथली | जोखिम व्य.तथा क.अ.विभाग | ५ | बरिष्ठ सहायक |
| १३ | श्री लक्ष्मीनारायण पौडेल | १२३८५ | ठाडा | सन्धिखर्क | ४ | नगद सहायक |
| १४ | श्री देव बहादुर क्षेत्री | १२९५४ | ठाडा | ठाडा | ४ | नगद सहायक |
| १५ | श्री राजेश कुमार क्षेत्री | १२२८४ | सन्धिखर्क | भोटाहिटी | ५ | बरिष्ठ सहायक (नगद) |
| १६ | श्री मुरारी प्रसाद दङ्गाल | ११०७५ | सुर्यविनायक | सुर्यविनायक | का.मु.८ | शाखा प्रबन्धक |
| १७ | श्री मणिराज तामाङ्ग | १११०३ | सु.ब.बिराटनगर | सु.ब.बिराटनगर | का.मु.८ | शाखा प्रबन्धक |
| १८ | श्री थिर बहादुर थापा | ९९८६ | सुर्खेत | सुर्खेत | का.मु.६ | नगद अधिकृत |
| १९ | श्री राम बहादुर साह | १०५५२ | धनुषा महेन्द्रनगर | धनुषा महेन्द्रनगर | का.मु.७ | शाखा प्रबन्धक |
| २० | श्री सरस्वती महर्जन | ९९६९ | भोटाहिटी | भोटाहिटी | का.मु.६ | नगद अधिकृत |
| २१ | श्री नवराज लुईटेल | १२०२३ | सिजुवाबजार | बिराटनगर | का.मु.४ | का.मु. सहायक |
| २२ | श्री राजेश साह | १२४०४ | सुरजपुरा | गौर | ४ | सहायक (नगद) |
| २३ | श्री माधव प्रसाद गैरे | १२७४३ | सुरजपुरा | सुरजपुरा | ४ | नगद सहायक |
| २४ | श्री नवराज आचार्य | १०४७८ | भोटाहिटी | कर्पोरेट | ५ | बरिष्ठ सहायक |
| २५ | श्री सृजना ज्ञवाली | १२३०० | धनगढी | बुटवल खस्यौली | ५ | बरिष्ठ सहायक(नगद) |
| २६ | श्री तुल्सीराम थापा | ११९२५ | चौरजहारी | चौरजहारी | का.मु.४ | शाखा सहायक प्रबन्धक |
| २७ | श्री राहुल कुमार ओझा | १२१८७ | विरगञ्ज | क्षे.का. विरगञ्ज | ४ | सहायक |
| २८ | श्री अनिता श्रेष्ठ | ११७४४ | गजुरी | जोखिम व्य.तथा क.अ.विभाग | ६ | सहायक प्रबन्धक |
| | | | मिति - २०७५।०८।२४ | | | |
| १ | श्री ऋषिराम पराजुली | १०३७३ | अर्जुनचौपारी | प्रस्तावित का.रिडिबजार | ६ | शाखा प्रबन्धक |
| | | | मिति - २०७५।०९।११ | | | |
| १ | श्री पदमा लक्ष्मी जि.सि. | ११२०४ | अन्तर शाखा हि.मि.विभाग | अन्तर शाखा हि.मि.विभाग | ९ | निमित विभागीय प्रमुख |
| | | | | | | मिति – २०७५।०९।२० |
| १ | श्री प्रकाश बहादुर विष्ट | १२२६८ | महेन्द्रनगर | बझाङ्ग | ६ | शाखा प्रबन्धक |
| २ | श्री प्रकाश बहादुर सिंहं | ११४२५ | बझाङ्ग | क्षे.का.नेपालगञ्ज | ६ | सहायक प्रबन्धक |
| ३ | श्री भुमि राज जोशी | १०९६५ | धनगढी | क्षे.का.नेपालगञ्ज | ५ | बरिष्ठ सहायक |
| ४ | श्री विदुर भुषण क्षेत्री | ११२०३ | क्षे.का.पोखरा | क्षे.का.पोखरा | ८ | उप प्रमुख |
| ५ | श्री विवेक दाहाल | १२६४० | क्षे.का.पोखरा | प्रस्तावित का. लेकसाईड | ५ | शाखा सहायक प्रबन्धक |
| ६ | श्री कमला तिमिल्सेना | ११५९५ | महेन्द्रपुल | प्रस्तावित का. लेकसाईड | ७ | शाखा प्रबन्धक |
| ७ | श्री सरिता तिवारी | १२४३१ | पृथ्वीचोक | महेन्द्रपुल | ६ | शाखा सहायक प्रबन्धक |
| ८ | श्री भरत कुमार पोखरेल | १०६०८ | ईटहरी | ईटहरी | ६ | शाखा सहायक प्रबन्धक |
| ९ | श्री भिम बहादुर थापा | १०३३९ | पातिचौर | प्रस्तावित का. लेकसाईड | ५ | नगद सहायक |
| १० | श्री अर्जुन शर्मा लम्साल | १०३७६ | महेन्द्रपुल | पृथ्वीचोक | ६ | सहायक प्रबन्धक |
| | | | मिति - २०७५।०९।२४ | | | |
| १ | श्री गंगा प्रसाद दंगाल | ११४४४ | क्षे.का.बिराटनगर | प्रस्तावित का.मधुमल्ला | का.मु. ६ | शाखा प्रबन्धक |
| २ | श्री तेज प्रसाद आचार्य | ११५३३ | कोहलपुर | प्रस्तावित का.रुकुमकोट | ६ | शाखा प्रबन्धक |
| ३ | श्री श्याम बहादुर खड्का | १२३१३ | डोटी | प्रस्तावित का.रुकुमकोट | ५ | नगद सहायक |
| ४ | श्री इलम बहादुर खड्का | १२२४८ | धनगढी | प्रस्तावित का.जाजरकोट | ६ | शाखा प्रबन्धक |
| ५ | श्री गोविन्द पौडेल | १२८९६ | चौरजहारी | प्रस्तावित का.जाजरकोट | ४ | नगद सहायक |
| ६ | श्री प्रभु राज जोशी | ११४२४ | चौमाला | प्रस्तावित का.क्याम्पसचोक धनगढी | ६ | शाखा प्रबन्धक |
| ७ | श्री पुष्प बहादुर रावल | ११४१० | लम्की | चौमाला | का.मु.६ | शाखा प्रबन्धक |
| ८ | श्री विमल पौडेल | १२५७८ | मनाङ्ग | प्रस्तावित का.मुस्ताङ्ग | ५ | नि.शाखा प्रबन्धक |
| ९ | श्री विपिन वाग्ले | १२७४८ | भच्चेक | प्रस्तावित का.मुस्ताङ्ग | ४ | नगद सहायक |

## तालिम विदेश



सन् २०१८ २८ अक्टोबर देखि ५ नोभेम्बर सम्म The Association of Chartered Accountants of Nepal (ACAN) मार्फत अष्ट्रेलियामा संचालित "Training Cum Tour " विषयक कार्यकममा बैंकका निम्न कर्मचारीहरुले सफलतापूर्वक भाग लिनुभयो।

१. मुख्य प्रवन्धक(लेखा) श्री सरस्वती अधिकारी
२. मुख्य प्रवन्धक(लेखा) श्री देवेन्द्ररमण खनाल

# बैंकका अवकाश प्राप्त उच्च अधिकृतहरूको बिदाइ

**काठमाडौं, ६ मंसिर**



राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको सेवाबाट अवकाश हुनुभएका बरिष्ठ अधिकृतहरुलाई एक समारोहका बीच बैंकले बिदाई गरेको छ । बिदाई कार्यक्रमको अध्यक्षता गर्दै प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले पुराना कर्मचारीहरुले बैंकलाई पुर्‍याएको अवस्थामा पुग्न नयां कर्मचारीहरुले थप काम गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

नायब प्रमुख कार्यकारी अधिकृतबाट अवकाश भई बिदाई हुनु हुने भुपेन्द्र पाण्डे, नायब महाप्रबन्धकबाट अवकाश भई बिदाई हुनु हुने उद्धबप्रसाद खनाल र नरेशराज अर्याल, मूख्य प्रबन्धकबाट अवकाश भई बिदाई हुनु हुने शंकरकुमार रायमाझी, भरत के.सी., राजेन्द्रप्रसाद दाहाल, राजकुमार खड्का, रमिता सुवाल, दिवाकर बशिष्ठ, बालकृष्ण घिमिरेलाई बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले प्रमाणपत्र तथा खादा प्रदान गर्नुभयो । सो बिदाई कार्यक्रममा नायब प्रमुख कार्यकारी अधिकृतबाट बिदाई हुनेहुने भुपेन्द्र पाण्डले वाणिज्य बैंकका कर्मचारीहरुको लागि बाहिर राम्रो मार्केट भएको बताउनुभयो । नायब महाप्रबन्धकबाट बिदाई हुनु हुने उद्धबप्रसाद खनालले हामीले आफ्ना लागि बैंकमा जागिर खाएको हो र बैंकमा संधै निष्ठाले काय गर्नुपर्ने बताउनुभयो भने मूख्य प्रबन्धक शंकरकुमार रायमाझीले बैंकले सबैलाई बराबर अवसर दिनुपर्ने बताउनुभयो । सो कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका अध्यक्ष हेमराज सुवेदी, नेपाल वित्तीय संस्था कर्मचारी संघ रावा बैंकका अध्यक्ष गगनसिंह घिमिरे, नेपाल राष्ट्रिय कर्मचारी संगठन रावा बैंकका अध्यक्ष दिपेन्द्र कार्कीले अवकाश हुनुभएका बरिष्ठ अधिकृतहरुलाई आगामी जीवनका लागि शुभकामना दिनुभएको थियो ।

सो कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृतद्वय कबिराज अधिकारी र सुशिल श्रेष्ठ, नायब महाप्रबन्धकहरु केशबप्रसाद लम्साल, टेकराज जोशी, महेन्द्रप्रसाद अवस्थी, विभागीय प्रमुखहरु, कर्मचारीहरु लगायतले शुभकामना दिनुभएको थियो । कार्याक्रमको संचालन ब्रान्च अपरेशन विभागका उपप्रबन्धक जीतेन्द्रसिंह थापाले गर्नुभएको थियो ।

# भैरहवामा व्यवसाय प्रवर्द्धन सम्बन्धी अन्तरकिया



**भैरहवा, १४ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड शाखा कार्यालय भैरहवाद्धारा लगानी गरेका ठूला ग्राहकहरुसंग बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठको समुपस्थितिमा अन्तरक्रिया कार्याकम सम्पन्न भएको छ । करिब ६० जना स्थानीय उद्योगी व्यवसायीहरुको उपस्थिति रहेको सो अन्तरक्रिया कार्याकममा व्यवसायीहरुले बैंकिङ्ग कारोबार गर्दा व्यहर्नुपरेका विभिन्न समस्या तथा बैंकले दिने सेवा सुविधाका विषयहरुका बारेमा विचार व्यक्त गरेका थिए । सो कार्यकममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, ब्रान्च अपरेशन विभागका निमित्त विभागीय प्रमुख राज्य लक्ष्मी खड्गी, शाखा कार्यालय भैरहवाका प्रवन्धक चिन्तामणी घिमिरेले सम्बोधन गर्नुभएको थियो । कार्यकममा सिद्धार्थनगर उद्योग वाणिज्य संघका अध्यक्ष कुलप्रसाद न्यौपाने, व्यवसायी चन्द्रमान श्रेष्ठ, निर्माण व्यवसायी संघ सिद्धार्थनगरका उपाध्यक्ष कृष्णप्रसाद पन्थी, उन्नती लघुवित्तका कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रेमबहादुर पाठक लगायतको उपस्थिति रहेको थियो । कार्यकमको संचालन ब्रान्च अपरेशन विभागका उपप्रवन्धक जीतेन्द्रसिंह थापाले गर्नुभएको थियो ।

**युनियन गतिविधि**

# संगठनको १२ औं वार्षिकोत्सव कार्याक्रम सम्पन्न



**काठमाडौं, २१ पुस**

नेपाल राष्ट्रिय कर्मचारी संगठन, राष्ट्रिय वाणिज्य बैंक लिमिटिडले आफ्नो स्थापनाकालको १२औं वर्ष प्रवेशको उपलक्ष्यमा विभिन्न गतिविधि सहित वार्षिकोत्सव कार्याक्रम मनाएको छ । संगठनका पूर्व केन्द्रीय अध्यक्षहरु, पदाधिकारी तथा सदस्यहरु, काठमाडौं वागमती तथा के.का. क्षेत्रीय समितिका पदाधिकारीहरु सहित शुभचिन्तक, साधारण सदस्यहरुको समेत उपस्थितिमा गोदावरीमा वनभोज कार्यक्रमको आयोजना गरी सम्पन्न भयो । संगठनका अध्यक्ष दिपेन्द्र कार्कीको अध्यक्षतामा आयोजित कार्यक्रमको संचालन महासचिव उभार पाण्डेले गर्नु भएको थियो । संगठनको सफलताको लागी पूर्व अध्यक्षद्धय चन्द्रराज अधिकारी र राजेन्द्र कुमार कार्कीले शुभकामना मन्तव्य दिनु भएको थियो भने संगठनले प्रत्येक वर्ष प्रकाशन गर्दै आईरहेको संगठन सन्देश-२०७५ पनि सोही कार्यक्रममा विमोचन गरिएको थियो । कार्यक्रममा संगठनका अध्यक्ष दिपेन्द्र कार्कीले यस्ता कार्यक्रमले सबै शुभचिन्तक साथीहरुमा सुमधुर सम्वन्ध कायम राख्न मद्दत पुग्ने विश्वास व्यक्त गर्दै उपस्थिति हुने सबैलाई हार्दिक शुभकामना तथा धन्यवाद दिनु भयो ।

# ईन्द्रकुमार कट्टेललाई विद्यावारिधी उपाधी प्राप्त



राष्ट्रिय वाणिज्य बैंक केन्द्रिय कार्यालय, जोखिम तथा कर्जा अनुगमन विभागका प्रवन्धक श्री ईन्द्रकुमार कट्टेलले मेवार विश्वविद्यालय, राजस्थान, भारतबाट व्यवस्थापन संकाय अन्तरगंत सन् २०१८ नोभेम्बर ३ मा "Credit Risk Management Practices in Commercial Banks of Nepal in Current Scenario" विषयमा विद्यावारिधी उपाधि हासिल गर्नुभएकोमा हार्दिक बधाई व्यक्त गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक
वर्ष २६ अंक २ कार्तिक - पुस २०७५
Year 26 Vol 2 Nov. 2018 - Jan. 2019

# बैंकको ब्राण्ड एम्बासडरमा मिस नेपाल श्रृंखला खतिवडा नियुक्त



**काठमाडौं, १८ पुस**

राष्ट्रिय बाणिज्य बैंक लिमिटेडले आफ्नो व्यवसाय प्रवर्द्धनको लागि दी हिडन ट्रेजर प्रा.लि. मार्फत मिस नेपाल-२०१८ श्रृंखला खतिवडालाई पत्रकार सम्मेलन कार्यक्रमका बीच ब्राण्ड एम्बासडरमा नियुक्ती गरिएको छ। राष्ट्रिय वाणिज्य बैंक र दी हिडन ट्रेजर प्रा.लि. बीच भएको सम्झौतामा बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र दी हिडन ट्रेजर प्रा.लिको तर्फबाट अध्यक्ष गोपाल सुन्दरलाल कक्षपतीले हस्ताक्षर गर्नु भएको छ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले राष्ट्रिय बाणिज्य बैंक अन्य बाणिज्य बैंकहरुसँग प्रस्तिस्पर्धा गर्दै अघि बढिरहेको र आगामी दिनमा यसको सेवालाई अझ विस्तार गर्दै लैजाने क्रममा आफ्नो व्यवसायलाई प्रवर्द्धन गर्नको लागि बैंकको आफ्नो ब्राण्ड एम्बासडरमा मिस नेपाल २०१८ श्रृंखला खतिवडालाई नियुक्ती गरिएको बताउनुभयो। सो कार्यक्रममा दी हिडन ट्रेजर प्रा.लिको तर्फबाट अध्यक्ष गोपाल सुन्दरलाल कक्षपतीले सरकारी बैंकसँगको यस्तो सम्झौताले सरकारी संस्थाप्रति नीजि क्षेत्रको गुनासो कम हुंदै जाने र बैंकले नयाँ पुस्तामा समेत आफ्नो उपस्थिती सशक्त बनाउन सक्ने विश्वास लिएको बताउनुभयो। सो कार्यक्रममा मिस नेपाल २०१८ श्रृंखला खतिवडाले आफु सरकारी स्वमात्विमा रहेको बाणिज्य



बैंकको ब्राण्ड एम्बासटर हुन पाउदा अत्यन्त खुसी भएको बताउनुभयो।

सो समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले मिस नेपाल २०१८ श्रृंखला खतिवडालाई ब्राण्ड एम्बासडरको प्रमाणपत्र हस्तान्तरण गनुभएको थियो।

सो समारोहमा नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारीले धन्यवाद तथा नायब महाप्रवन्धक टेकराज जोशीले कार्याक्रम संचालन गर्नुभएको थियो।

## ब्राञ्च प्रोफाइल

## शाखा कार्यालय दिक्तेल (२०६)

**(आ.व २०७३।०७४ को ग वर्गका शाखाहरु मध्ये प्रथम)**




| | |
|---|---|
| **निक्षेप** | :- रु. ८९,२२,०५,७६४।७२ |
| **कर्जा** | :- रु. ३०,९१,७७,३५६।५५ |
| **ग्राहक संख्या** | :- २५००२ |
| **कर्मचारी संख्या** | :- ११ जना |
| **प्रति कर्मचारी निक्षेप** | :- रु. ८,११,०९,६१४।९७ |
| **प्रति कर्मचारी कर्जा** | :- रु. २,८१,०७,०३२।४१ |
| **मुनाफा** | :- रु. १,२५,२४,८१५।११ |
| **कर्जा निक्षेप अनूपात** | :- ३४.६५% |
| NPA **प्रतिशत** | :- ० |
| **शाखा प्रबन्धक** | :- काजी बस्नेत |

**सफलताको सुत्र :**

ग्राहकमैत्री ब्यवहार,काम प्रति कर्मचारीको उच्च लगाव, मेहनती कार्य समुह, क्षे.का. के.का. को सहयोग तथा मार्गदर्शन, सकारात्मक सोच, सकारात्मक कार्य वातावरण, सरोकारवाला तथा स्थानीयको सहयोग तथा मार्गदर्शन आदि।

## समवेदना

यस बैंकका नायब महाप्रवन्धक केशबप्रसाद लम्साल (१०७७६) की आमा एलकुमारी लम्साल, शा.का. विडारीचोकमा कार्यरत नगद सहायक सत्यनारायण साह (९७५५) को बुबा पर्मेश्वर साह तेली, शाखा कार्यालय तुलसीपुरमा कार्यरत कार्यालय सहयोगी भक्तबहादुर भण्डारी (९९७९) की आमा वाटीकुमारी भण्डारी, शा.का.सिंहदरबारमा कार्यरत नगद सहायक जीवन थापा (१०३३८) को बुबा कृष्णबहादुर थापा, शा.का. बरगाछीमा कार्यरत कार्यालय सहयोगी भिमकुमार पोखरेल (१०४८०) को बुबा खड्गबहादुर पोखरेल, के.का. सूचना प्रविधि विभागमा कार्यरत प्रवन्धक(आइटी) शेखरराज शर्मा (११३९७) को बुबा गिरधारीप्रसाद शार्म, शा.का. बेलटारमा कार्यरत बरिष्ठ सहायक हरिकुमार थापा (१०६३३) को बुबा रेखबहादुर थापा, शा.का.कोल्टीमा कार्यरत शाखा प्रवन्धक कमलसिंह ऐर (११०३३) को बुबा प्रेमसिंह ऐर, शा.का. भैरहवामा कार्यरत शाखा प्रवन्धक चिन्तामणी घिमिरे (१०३६७) को बुबा बिष्णुप्रसाद घिमिरे, शा.का. टेकुमा कार्यरत बरिष्ठ बाहक गोकर्ण बासकोटा (१०२१९) को बुबा केशबप्रसाद बास्कोटाको केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**

Chief Advisor: Kiran Kumar Shrestha, CEO. Advisor: Tek Raj Joshi, DGM & Information Officer.
Assistant Editor: Ishwar Upreti
Published by: Rastriya Banijya Bank Ltd., Central Office, Chief Executive Officer's Office
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595, Ext. 2423, E-mail: rbbnl@rbb.com.np
Printed at: Adarsha Chapakhana, Lokanthali, Bhaktapur, Tel: 9851039361